# हातहतियार खरखजाना (दोस्रो संशोधन) ऐन, २०६४

नेपाल सरकार

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# हातहतियार खरखजाना (दोस्रो संशोधन) ऐन, २०६४

प्रमाणिकरण र प्रकाशन मिति
२०६४।९।२२

व्यवस्थापिका-संसद्ले बनाएको २०६४ सालको ऐन नं.२८
हातहतियार खरखजाना ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः हातहतियार खरखजाना ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यो ऐनको नाम "हातहतियार खरखजाना (दोस्रो संशोधन) ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. हातहतियार खरखजाना ऐन, २०१९ को दफा २ मा संशोधनः हातहतियार खरखजाना ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (घ) मा रहेका "र त्यस्तै किसिमको" भन्ने शब्दहरुको सट्टा ", त्यस्तै किसिमको विष्फोटक पदार्थ र" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को ठाउँ ठाउँमा रहेका "आफूसाथ राख्न," भन्ने शब्दहरुको सट्टा "आफूसाथ राख्न वा अन्य स्थानमा राख्न वा राख्न लगाउन" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल ऐनको दफा २० मा संशोधनः मूल ऐनको दफा २० को,-

(१) उपदफा (१) मा रहेका "७ वर्षसम्म कैद वा एक्काइस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "३ वर्षदेखि ७ वर्षसम्म कैद वा साठी हजारदेखि एक लाख

कानून, न्याय तथा संविधान सभा मन्त्रालय

चालीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "२ वर्षसम्म कैद वा छ हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "३ वर्षदेखि ५ वर्षसम्म कैद वा साठी हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (३) मा रहेका "छ महिनासम्म कैद वा पन्ध्र सय रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "१ वर्षदेखि ३ वर्षसम्म कैद वा बीस हजारदेखि साठी हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।

(४) ठाउँ ठाउँमा रहेका "आफूसाथ राख्ने," भन्ने शब्दहरुको सट्टा "आफूसाथ राख्ने वा अन्य स्थानमा राख्ने वा राख्न लगाउने" भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> मूल ऐनको दफा २१ को,-

(१) उपदफा (१) मा रहेका "६ महिनासम्म कैद वा पन्ध्र सय रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "१ वर्षदेखि तीन वर्षसम्म कैद वा बीस हजारदेखि साठी हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "२ महिनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "६ महिनादेखि १ वर्षसम्म कैद वा दश हजारदेखि बीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।

६. <u>मूल ऐनमा दफा २४क. थपः</u> मूल ऐनको दफा २४ पछि देहायको दफा २४क. थपिएको छः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

"२४क. <u>थुनामा राखी कारबाही गर्ने:</u> प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको मुद्दाका अभियुक्तलाई तत्काल प्राप्त प्रमाणका आधारमा थुनामा राखी कारबाही गर्नु पर्नेछ ।"

७. <u>हातहतियार खरखजाना (दोस्रो संशोधन) अध्यादेश, २०६४ निष्क्रिय भएपछि त्यसको परिमाण:</u> हातहतियार खरखजाना (दोस्रो संशोधन) अध्यादेश, २०६४ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चलती नभएको वा कायम नरहेको कुनै कुरा पनि जनाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय